नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## वैदेशिक रोजगार विभाग
## ई.पी.एस. कोरिया शाखा
टेकु, ललितपुर

मितिः २०८१/०४/०६

HRD Service of Korea बाट July 19, 2024 मा प्राप्त पत्र अनुसार ३ देश (नेपाल, म्यान्मार र भियतनाम) को कृषि तथा पशुपालन क्षेत्र तर्फको कोरियन भाषा परीक्षा (EPS TOPIK) उतीर्ण भई रोजगार आवेदन फाराम भरी रोष्टरमा रही रोष्टरको अवधि 31 Dec, 2024 भित्र सकिने Job Seeker हरुले Forestry Sector (बन क्षेत्र) तर्फ रोष्टर परिवर्तन गर्न सकिने भनी नामावली सहितको तालिका प्राप्त हुन आएकोले यसै साथ संलग्न सूचीमा नाम समावेश भएका र रोष्टरको अवधि सन् ३१ डिसेम्बर २०२४ भित्र समाप्त हुने ईच्छुक व्यक्तिहरुले तपसिल बमोजिमका बुँदाहरुलाई ध्यान दिई यही मिति २०८१।०४।०६ देखि मिति २०८१।०४।०९ (सन् **21 July, 2024 - 24 July, 2024)**सम्म रोस्टर परिवर्तन गर्न चाहेको निवेदन लेखि यस शाखाको ईमेल **forestroster@gmail.com**मा स्क्यान गरी पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनमा खुलाउनु पर्ने कुराहरू

१. राहदानी नम्बर
२. प्रवेशपत्र नम्बर
३. सम्पर्क नम्बर
४. सूचीमा नाम उल्लेख भएको सिरियल नम्बर

*नोट : माथीको उल्लेख गरिएको बुँदाको कुनै पनि एक बुँदा छुटाएमा निवेदनको मान्यता हुनेछैन ।*

अनिवार्यरुपमा ध्यान दिनु पर्ने बुँदाहरुः

1. यो फाराम कृषि तथा पशुपालन क्षेत्र तर्फको रोष्टरमा रहेको Job Seeker को लागि मात्रै लागू हुनेछ ।
2. कृषि तथा पशुपालन क्षेत्र तर्फको रोष्टरको अवधि ३१ डिसेम्बर २०२४ भित्र समाप्त भएको र कम्तिमा ३ महिना भन्दा बढी रोष्टर अवधि भएको Job Seeker लाई मात्र लागु हुनेछ ।
3. यदि आवेदकहरूको संख्या आवश्यक संख्या भन्दा अधिक भएमा जसको रोष्टरको अवधि छोटो छ, त्यस्तो आवेदकलाई पहिलो प्रथमिकता दिइनेछ।
4. यदि कसैको पहिले नै रोजगारदाताले Labour Contract Issue गरिसकेको वा रोष्टर अवधि समाप्त भैसकेको वा कुनै कारणले अयोग्य भएमा Forestry Sector मा रोष्टर परिवर्तन गर्न पाइने छैन।
5. Sector Change पछि रोष्टरको अवधि अघिल्लो रोष्टरको बाँकी अवधि बराबर नै हुनेछ। (रोष्टरको अवधि थप हुने छैन)
6. **Sector Change** हुनु भनेको कोरियामा रोजगारको लागि जान पाउने ग्यारेन्टी होईन। वन क्षेत्र तर्फको रोष्टरमा बस्न मात्र पाउने हो ।
7. भविष्यमा Forestry Sector को लागि आवश्यक रोष्टर संख्या पर्याप्त भएमा, साविकको Sector (कृषि तथा पशुपालन) मा फिर्ता गर्न चाहनेहरूलाई सोही Sector मा फिर्ता जान सकिनेछ।

२०८१/०४/०६

ई.पि.एस. कोरिया शाखा